नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# हुलाक सेवा विभाग

बबरमहल, काठमाडौँ

प्रकाशित मितिः २०८३ जेठ १३ गते (सन् २०२६ मे २७)

# सन् २०२७ को फिलाटेलिक कार्यक्रम तयार गर्नको लागि प्रस्ताव आह्वान सम्बन्धि सार्वजनिक सूचना

हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम, २०२७ तयारीका लागि हुलाक टिकट निर्देशिका, २०७१ को दफा ४.१ बमोजिम हुलाक टिकट प्रकाशन गर्न उपयुक्त विषयको प्रस्ताव पेश गर्नुहुन इच्छुक व्यक्ति, संघ, संस्था तथा सम्बन्धित सबैमा यो सार्वजनिक सूचना आव्हान गरिएको छ ।

१. प्रस्ताव पेश गर्दा निवेदन सहित सम्बन्धित विषयको उपयुक्त फोटो, संक्षिप्त विवरण (नेपाली तथा अङ्ग्रेजीमा) र सम्भव भएसम्म टिकटको डिजाइन समेत पेश गर्नुपर्नेछ ।

२. प्राप्त हुन आएका प्रस्तावहरूलाई हुलाक सेवा विभागले संकलन गरी निर्देशिका बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउनेछ ।

३. प्रस्ताव पेश गर्दा देहायका विषयहरूमध्ये उपयुक्त विषय छनोट गरी गर्नुपर्नेछः

(क) नेपालको विभिन्न भागमा प्रचलित विभिन्न चाडपर्व, संस्कृति,

(ख) प्राचिन तथा अर्वाचिन कला, धर्म, साहित्य,

(ग) कलात्मक भवन, स्मारक तथा धार्मिक स्थलहरु,

(घ) भौगोलिक एवम् पुरातात्विक महत्वका वस्तुहरु,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त विशिष्ट विद्वान राष्ट्रिय विभुति एवम् प्रतिभाहरू,

(च) महत्वपूर्ण ऐतिहासिक घटना तथा व्यक्तिहरू,

(छ) प्राकृतिक वैभव र गरिमायुक्त राष्ट्रिय महत्वका विषयहरू,

(ज) नेपाल सँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्था, सभा, सम्मेलन, समारोह आदि,

(झ) नेपालसँग द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध भएका परराष्ट्र मामिला तथा अन्तर्राष्ट्रिय सम्बन्धको विषय,

(ञ) संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय हुलाक संघ (UPU) दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन, (SAARC) लगायतका संस्थाहरुको आह्वानमा मनाइएको अन्तर्राष्ट्रिय वर्ष,

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका खेलकुद गतिविधि,

(ठ) अन्य कुनै महत्वपूर्ण विषयवस्तु ।

५. प्रस्ताव देहाय बमोजिमको ठेगानामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र पेश गर्नुपर्नेछः

**ठेगानाः हुलाक सेवा विभाग**

**बबरमहल, काठमाडौँ ।**

इमेलः philatelic.ptms@nepalpost.gov.np

फोन नं. ०१- ५३२४११६, ५३२४११७